जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३३ पृष्ठः ४ | २०८२ जेठ ०७ गते बुधबार (Wednesday 21 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## काँग्रेस नेता चौधरीलाई बदनाम गराउन खोजिएकोमा थारु संघको आपत्ति




लहान, ६ जेठ। सिरहाको लहान नगरपालिका १ स्थित पशुपति आदर्श माविले पसलका लागि सटर भाडामा लगाउने नाउँमा व्यापारीहरुसँग उठाएको करोडौं रुपैयाँ भ्रष्टाचार भएको विषयमा नेपाली काँग्रेसका नेता पद्मनारायण चौधरीलाई जोडिएर बदनाम गराउन खोजिएकामा नेपाल थारु संघले आपत्ति जनाएको छ। संघका अध्यक्ष अजय कुमार चौधरीले विज्ञप्ती जारी गर्नुका साथै लहानमा पत्रकार सम्मेलन गरी काँग्रेस नेता चौधरीलाई भ्रष्टाचारमा जोडिएर बदनाम गराउन खोजेकोमा आपत्ति जनाएका हुन्। उनले विद्यालयले व्यापारीबाट रकम उठाएको र खर्च गरिएको बेला विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चौधरी नरहेको दावी गरेका छन्।

उनले टुडेखोजसहितका केहि सञ्चारमाध्यमले सम्प्रेशन गरेको समाचारमा विद्यालयका तत्कालिन प्रधानाध्यापक प्रमेश्वर साहले नेता चौधरीलाई चुनावमा खर्च गर्न रकम दिएको भनिएको कुरा पनि झुठो रहेको पनि दावी गरे। उनले अख्तियारले अनुसन्धान गरिरहेको र अदालतबाट मुद्दा सटआउट भइसकेको अवस्थामा नेता चौधरीलाई जोडेर समाचार सम्प्रेशन गरिएकोमा दुःख व्यक्त गरे। संघका अध्यक्ष चौधरीले अख्तियारले अनुसन्धानको क्रममा राय मागेको पत्र लहान नगरपालिकाले लिक ( आउट) गरेको भन्दै सो विषयमा आवश्यक छानविन गरी कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

## मोटरसाइकल जुध्दा दुवै चालकको मृत्यु, दुई घाइते

**जनार्जन खत्री**

सर्लाही, ६ जेठ। सर्लाहीको बागमती नगरपालिका-२, जिरायतमा मंगलबार अपरान्ह दुई वटा मोटरसाइकल जुध्दा दुवै मोटरसाइकलका चालकको मृत्यु भएको छ। दुर्घटनामा दुई जना घाइते भएका छन्। मङ्गलबार अपरान्ह ४ बजेतिर पुतली चोकबाट सोल्टी बजारतर्फ जाँदै गरेको प्रदेश-३-०२-००६ प ७८६८ र बा. ५६ प ५२६ नम्वरको मोटरसाइकल जुध्दा दुवै मोटरसाइकल चालकको मृत्यु भएको हो। दुर्घटनामा बा. ५६ प ५२६ नम्वरको मोटरसाइकल चालक रौतहटको बिसुनपूर्वा गाउँका ३३ वर्षीय नागेन्द्र साह सोनार र प्रदेश-३-०२-००६ प ७८६८ नम्वरको मोटरसाइकलका चालक काठमाडौं महानगरपालिका २३ बसन्तपुर बस्ने ३० वर्षीय विवेक मानन्धरको मृत्यु भएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक किशोर तामाङले जानकारी दिए।

प्रहरी निरीक्षक तामाङका अनुसार दुवै मोटरसाइकलका चालकलाई प्रहरीले उद्धार गरी उपचारका लागि चन्द्रनिगाहपुर अस्पताल रौतहट लैजाँदा चिकित्सकले मृत घोषणा गरेका छन्। दुर्घटनामा बा. ५६ प ५२६ नम्वरको मोटरसाइकल पछाडि सवार भारतको बिहार राज्य बकुलिया बस्ने ३४ वर्षीया मुनिदेवी साह सोनार र रौतहटको विसुनपूर्वा गाउँकी ३२ वर्षीया चनचलदेवी साह घाइते भएको छ। उनीहरुलाई बागमती मोडेल अस्पतालमा सामान्य उपचारपश्चात थप

-बाँकी तीन पेजमा

## पानी पिउन धारामा जाँदा करेन्ट लागेर पुजारीको मृत्यु

सर्लाही, ६ जेठ। सर्लाहीमा करेन्ट लागेर एक वृद्ध पुजारीको मृत्यु भएको छ। मंगलबार पौने ३ बजेतिर जिल्लाको बलरा नगरपालिका-५ महतो टोलमा गोडैता गाउँपालिका-२ निवासी अन्दाजी ७० वर्षीय महादेव महतो (पुजारी) को मृत्यु भएको हो। सोही टोलमा रहेको विजय महतोको घरमा उनी पूजा गर्न गएका थिए। पूजा सम्पन्न गरी पानी पिउने क्रममा मोटर जडान गरिएको धाराबाट पानी लिँदा अचानक उनलाई करेन्ट लागेको थियो। घटनापछि उनलाई तत्कालै प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो। चिकित्सकले उनलाई दिउँसो सवा ३ बजे मृत घोषणा गरेका थिए। घटनास्थल अर्नाहा प्रहरी चौकीबाट अन्दाजी २ किमी पश्चिममा पर्छ।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## मधेशको माटोमा विशेष प्रतिभावान व्यक्तित्वहरू छन् : मुख्यमन्त्री सिंह

जनकपुरधामका आशिष मिश्रले तुर्कमिनिस्तानको म्याथमेटिक्स ओलम्पियाडमा कांस्य पदक जिते। मुख्यमन्त्री सतिशकुमार सिंहले मिश्रलाई सम्मान गर्दै मधेशको माटोमा प्रतिभावान व्यक्तित्वको जन्म भएको बताए।



जनकपुरधाम, ६ जेठ। मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेशको माटोमा विशेष प्रतिभावान व्यक्तित्वहरु भएको बताएका छन्। तुर्कमिनिस्तानमा सम्पन्न दोस्रो अन्तर्राष्ट्रिय म्याथमेटिक्स ओलम्पियाडमा कांस्य पदक जितेका जनकपुरधामका १९ वर्षीय आशिष मिश्रलाई मुख्यमन्त्री कार्यालयमा सम्मान गर्दै मुख्यमन्त्री सिंहले यस्तो बताएका हुन्। उनले मधेशको माटोमा प्रस्फुटन भएका यस्ता प्रतिभाको पहिचान, संरक्षण र प्रवर्द्धनमा सरकार प्रतिबद्ध रहेको बताए। 'मधेशको भूमिमा हिरा छन्, तर तिनको पहिचान बाँकी छ। आशिषजस्ता विद्यार्थीहरू केवल प्रदेशकै नभई समग्र राष्ट्रका लागि प्रेरणा हुन्', मुख्यमन्त्री सिंहले भने।

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मिश्रलाई प्रशंसापत्र प्रदान गर्दै सम्मान गरेका हुन्। ओलम्पियाडमा कांस्य पदक

-बाँकी तीन पेजमा

## हावाहुरीबाट जोगिने उपाय

- घर लगायतका निर्माण संरचना बलियो बनाऔं।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी कसेर बाधौं।
- गमलालाई सुरक्षित तरिकाले राखौं।
- जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं।
- सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सरकार र महासंघ दुवैका लागि प्रत्युत्पादक

सरकार शिक्षक महासंघसँग भएको सहमतिप्रति इमानदार र गम्भीर हुनुपर्छ भने शिक्षकहरूले पनि शिक्षा ऐनमा उनीहरू धेरै सरोकारवालामध्ये एकमात्र हुन् भन्ने बिर्सनु हुँदैन। सरकारले जनविश्वास गुमायो भने शासन गर्ने आधिकारिक वैधता हुँदाहुँदै पनि नैतिक वैधता गुमाउँछ। सरकारहरूले निरन्तर नैतिक वैधता गुमाए भने राज्य नै असफल हुने बाटामा उन्मुख हुन्छ। नेपाल केही वर्ष यता यही बाटामा उन्मुख देखिएको छ। शिक्षकहरूले केही साता पहिले काठमाडौं केन्द्रित आन्दोलन गरे। आन्दोलन निकै चर्किएपछि सरकारले उनीहरूका केही माग स्वीकार गर्‍यो। संसद्मा विचाराधीन शिक्षा ऐनमा तिनलाई समावेश गरी सम्बोधन गर्ने सहमतिपछि आन्दोलन स्थगित गरी शिक्षकहरू विद्यालय फर्के।

सम्बन्धित संसदीय समितिले उपसमिति बनाएरै लामो समयदेखि थाती रहेको शिक्षा ऐनका दफाहरूमा सहमति गरी प्रतिवेदन बुझायो। तर, संसदीय उपसमितिको प्रतिवेदनमा शिक्षकहरूसँग हालै गरिएको सहमति समावेश नभएको भन्दै असन्तुष्टि प्रकट भएको छ। शिक्षक महासंघका पदाधिकारीअनुसार समितिलाई बुझाइएको प्रतिवेदनमै 'फेल' भयो। उनीहरूले सरकारले विगतमा गरेका सहमति ऐन बनाउने क्रममा लत्याएको आरोप पनि लगाएका छन्। अब भन् चर्को आन्दोलनको विकल्प नरहेको चेतावनी पनि उनीहरूले दिएका छन्। शिक्षकहरूका सबै माग राज्यले सम्बोधन गर्न सक्छ वा गर्नुपर्छ भन्नु पक्कै पनि न्यायोचित हुँदैन र यस्तै, राज्यले शिक्षा ऐन बनाउँदा शिक्षकहरूले भनेजस्तै बनाउनुपर्छ पनि भन्ने पनि होइन। ऐन बनाउने अधिकार संविधानतः संसद्को हो। यति हुँदाहुँदै पनि सरकार भन्ने संस्थाको विश्वसनीयता राज्य सञ्चालनमा सबैभन्दा बढी महत्त्वपूर्ण हुन्छ भन्ने भने हेक्का राखिनुपर्छ। शिक्षकहरूसँग सहमति गरेका भनिएका बुँदाहरू कार्यान्वयन गर्न इमानदार र गम्भीर नदेखिँदा सरकारको मात्र होइन राज्यकै विश्वसनीयता गिर्छ।

राज्यले धान्नै नसक्ने वा नहुने माग थिए भने सरकारले शिक्षक आन्दोलन तत्कालका लागि स्थगित गराउनेमात्र रणनीति अपनाएर सहमति गर्नु नै हुँदैन थियो। सहमति गरिसकेपछि सरकार त्यसप्रति इमानदार हुनुपर्छ। सरकारले भने 'फेल' गर्न खोजेको देखियो। सरकार र शिक्षकहरूबीचको आन्दोलन, सहमति र भेलको दुश्चक्र चलिरहँदा विद्यार्थीहरूको जीवन दाउमा लागेको हुन्छ। अब यस्तो भोरजुवा मच्चिइरहन दिनु नेपाललाई असफल राष्ट्र बनाउन तम्सनु नै हो। यसैले राज्यको विश्वसनीयता समाप्त हुनबाट रोक्न अहिले सरकार र संसद्मा हुनेहरू विशेष गम्भीर हुनुपर्छ। शिक्षकहरूलाई उपसमितिको प्रतिवेदनमा पुनर्विचार हुने विश्वास दिलाउनु जरुरी छ। यस्तै शिक्षक महासंघका पदाधिकारीले पनि आवेगमा कुनै निर्णय गर्नेमात्र होइन प्रतिक्रिया पनि दिनु उचित हुँदैन। समाजका पथ प्रदर्शक अर्थात् गुरुहरूले पनि नेपाली समाजमा गरिमा धान्न सकेको देखिएको छैन। गुरुहरूबाट सधैँ विवेक र संयमको अपेक्षा राष्ट्रले गरेको हुन्छ। अहिलेको अवस्थामा सरकार शिक्षक महासंघसँग भएको सहमतिप्रति इमानदार र गम्भीर हुनुपर्छ भने शिक्षकहरूले पनि शिक्षा ऐनमा उनीहरू धेरै सरोकारवालामध्ये एकमात्र हुन् भन्ने बिर्सनु हुँदैन। यस्तै, ऐन बनाउने अधिकार संसद्को हो र संविधान सबैले मान्नुपर्छ भन्ने पनि सबैले हेक्का राख्नुपर्छ। भेल र आन्दोलनको खेल अन्ततः आफैँ हार्ने आत्मघाती गोल नबनोस् !

# आजको पत्रकारितामा नैतिकता

सूचना प्रविधिको विकास, संविधान र कानुनको विकास, मिडियाको विकास, जनताको क्रय शक्तिमा भएको वृद्धि जस्ता सकारात्मक पक्ष हुँदाहुँदै पनि नेपाली पत्रकारिता विभिन्न समस्याबाट गुज्रिँदै गएको छ। जसको प्रतिबिम्ब विषयवस्तुमा झल्किने गर्छ। जुन मिडियाको प्रभावको मुख्य प्रतिफल पनि हो। त्यस कारण मिडियाका क्षेत्रमा व्यावसायिकताको विकास हुनु पर्छ। समाज व्यवस्थित गर्न दुई किसिमको नियन्त्रणको अभ्यास गरिएको हुन्छ। त्यसमा कानुनी र नैतिक नियन्त्रण रहेको हुन्छ। कानुनी नियन्त्रण बन्धनकारी हुन्छ। त्यसको उल्लंघन गर्नु कानुनविपरीत हुन्छ। कानुन उल्लंघन गर्नुको अर्थ कानुनले गर्न भनेका कार्य नगर्नु र नगर्न भनेको कार्य गर्नु हो। यस सन्दर्भमा कानुन भनेको के हो भन्ने बुझ्नुपर्ने हुन्छ। सामान्य अर्थमा कानुन भन्नाले बाहिरी मानवीय व्यवहारलाई नियन्त्रण गर्ने नियमको सूची भन्ने बुझिन्छ।

कानुन के हो भन्ने सन्दर्भमा विभिन्न विद्वान्का अलग अलग धारणा छन्। प्रकृतिवादी सम्प्रदायका अनुसार कानुन भन्नाले तर्कको शासन हो। त्यसै गरी विश्लेषणवादी सम्प्रदायका अनुसार कानुन भन्नाले सम्प्रभुको आदेश हो। ऐतिहासिक सम्प्रदायका अनुसार कानुन बन्ने विषय नभएर भेटिने विषय हो। त्यसै गरी मार्क्सवादी सिद्धान्तका अनुसार, कानुन शोषणको माध्यम हो। सामाजिक सम्प्रदायका अनुसार कानुन सामाजिक शिल्पशास्त्र हो। यसले स्वार्थलाई सन्तुलनमा राखेर समाज व्यवस्थित गर्ने प्रयास गर्छ। यसले समाज गतिशील हुन्छ भन्ने कुरालाई समेत आत्मसात् गर्छ। यसै सिद्धान्तको जगमा टेकेर यथार्थवादी सम्प्रदायको विकास भयो। यो सिद्धान्तले अदालतको अभ्यास नै कानुन हो भने स्विकार्छ। यस सिद्धान्तका अनुसार कानुनभन्दा समाज गतिशील हुन्छ। कानुनमा लेखिएका शब्द मृत जस्ता हुन्छन्। ती शब्दले अदालतको व्याख्या पछि मात्र जीवन्तता पाउँछन्। त्यसै गरी विभिन्न मुभमेन्टले पनि कानुनलाई आआफ्ना किसिमले परिभाषित गर्ने गरेको पाइन्छ। जे भए पनि कानुन समाजलाई व्यवस्थित गर्ने एक माध्यम हो। कानुनबिनाको समाजमा जङ्गली राज हुन्छ। त्यस्तो समाजमा न्याय भनेको मत्स्य न्याय जस्तै हुन्छ।

समाज व्यवस्थित गर्न कानुन जस्तै नैतिकताको पनि महत्त्व हुन्छ। सबै कुरालाई कानुनले नियन्त्रण गर्न सक्दैन र सान्दर्भिक हुँदैन, त्यस्तो अवस्थामा नैतिकताको पनि महत्त्व हुन्छ। नैतिकता बाध्यकारी हुँदैन। यसमा दण्ड र जरिबानाको भय हुँदैन। यसलाई लक्ष्मण रेखाका रूपमा पनि बुझ्न सकिन्छ। यो पालना गर्दा सुरक्षा र शक्ति प्राप्त हुन्छ। कानुन र नैतिकताका विषयमा विधिशास्त्री हार्ट र फुलरको बहस र त्यस बहसको निष्कर्षलाई बुझ्न सकिन्छ। कानुन र नैतिकता अलग अलग विषय हुन् तर पनि यी दुवै एकअर्कामा निर्भर र अन्तरसम्बन्धित छन्। हरेक व्यक्तिको नैतिकता हुन्छ। यसले व्यक्तिको छवि निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। हरेक पेसालाई व्यवस्थित र मर्यादित गराउन पेसागत आचारसंहिता निर्माण गरिएको हुन्छ।

त्यसै गरी पत्रकारिता पेसालाई मर्यादित र व्यवस्थित बनाउन पत्रकार आचारसंहिता निर्माण गरिएको पाइन्छ। यसले पत्रकारिता पेसाको गरिमा र मर्यादा बढाउने काम गर्छ। पत्रकारिताको शक्ति भनेकै जनताको विश्वास हो। जनताको विश्वास बढ्दै जाँदा पत्रकारिताको शक्ति पनि बढ्दै जान्छ भने जनताको विश्वास घट्दै जादा पत्रकारिताको शक्ति पनि कमजोर बन्न जान्छ। जसरी रावणको नाभिमा अमृत रहेको पौराणिक मान्यता पाइन्छ। रावणको शक्ति पनि नाभिमा भएको अमृतमा रहेकाले त्यसलाई नष्ट गर्दा रावणको शक्ति नष्ट भएको थियो। त्यसै गरी नैतिकता बढ्दै जाँदा पेसागत मर्यादा र गरिमा बढ्दै जान्छ भने नैतिकता घट्दै जाँदा पेसागत मर्यादा पनि घट्दै जान्छ। त्यसकारण नैतिकताको पनि ठुलो महत्त्व र शक्ति रहेको हुन्छ। पत्रकारितामा नैतिकता भन्नाले सत्य, तथ्य, सन्तुलित, वस्तुगत, निष्पक्ष, भेदभावरहित र विश्वसनीय सन्देश सम्प्रेषण गर्नु भन्ने बुझिन्छ। यसरी पत्रकारिताले यस्तो विषयवस्तु सम्प्रेषण गर्दा एकातिर यसले सामाजिक उत्तरदायित्वको भूमिका निर्वाह गर्छ भने अर्कातिर यसले आफ्नो विश्वसनीयता अभिवृद्धि गरिरहेको हुन्छ। यो सिद्धान्तको कुरा गर्न जति सजिलो हुन्छ यसलाई व्यवहारमा उतार्न त्यतिनै जटिल हुन्छ।

नेपाली समाज अभाव, दबाब र प्रभावबाट ग्रसित छ। जसले गर्दा नैतिकताको पालना गर्न कठिन हुन्छ। पत्रकार पनि यही समाजका उपज हुन्। त्यसकारण पत्रकार समाजको परिस्थितिभन्दा बाहिर हुन सक्दैनन्। नेपालको सन्दर्भमा पत्रकार आचारसंहिता लागु भए पनि यसको पालनामा निकै कठिनाइ भएको पाइन्छ। त्यसमा पनि पछिल्लो समयमा सूचना र प्रविधिको तीव्र विकास भएको सन्दर्भमा नैतिकताको सवाल अझ बढी पेचिलो बनेको छ। कृत्रिम बौद्धिकता (एआई) को परिवेशमा पत्रकारितामा नैतिकताको पक्षलाई संरक्षण गर्नुपर्ने सर्वत्र आवाज उठेको छ। एआईको प्रयोग गुणस्तर अभिवृद्धिका लागि सहयोगी सिद्ध भए पनि त्यसको दुरुपयोग हुँदा नैतिकताको पक्ष सङ्कटमा पर्ने सम्भावना देखिएकै छ।

सन् १९४८ मा हचिङ्स कमिसनले पत्रकार समाजप्रति उत्तरदायी हुन पर्छ, स्वतन्त्रताको उपभोग गर्दा जिम्मेवारी भुल्न हुँदैन भन्ने मान्यता अघि सार्‍यो। जसको जगमा टेकेर सामाजिक उत्तरदायित्व सिद्धान्तको विकास भयो। यसले स्वतन्त्रता र उत्तरदायित्वलाई सन्तुलित परिदृश्यमा हेर्छ। यस सिद्धान्तले मिडिया समाजप्रति उत्तरदायी हुनु पर्छ भन्ने मान्यता राख्छ। उदारवादी सिद्धान्त अनुसारको प्रेसमा विकृति आउन थालेपछि हचिङ्स कमिसनले अध्ययन गरेर मिडियाले स्वतन्त्रता उपभोग गर्दा उत्तरदायित्वलाई बिर्सन हुँदैन भने मान्यता अघि सार्‍यो। त्यसका लागि पत्रकारिता जगतले पनि आचारसंहिता निर्माण गरेर त्यसको पालना गर्न सकिने अवधारणा विकास भयो। हुन त नैतिकताको विषय प्रकृतिवादी सम्प्रदायको अवधारणासँगै जोडिएको छ। जुन लिखित कानुनको विकास हुनुभन्दा अघिदेखि नै अस्तित्वमा थियो र आजपर्यन्त पनि यसको महत्त्व दिनप्रतिदिन बढ्दै गरेको पाइन्छ। नैतिकताका निम्न सिद्धान्तलाई पालना गर्न सकेमा मात्रै पत्रकारिता पेसाको मर्यादा र गरिमा बढ्न सक्छ। यी सिद्धान्तमा इमानदारिता, निष्पक्षता, पारदर्शिता, वस्तुगत, शिष्टता, उत्तरदायित्वमा आधारित, तथ्यपूर्ण र विश्वसनीयता पर्छ जुन नैतिकताका आधारस्तम्भ हुन्। यसलाई पत्रकारिताको आचारसंहितामा समावेश गर्नु पर्छ।

व्यावसायिकता भन्नाले कुनै पनि पेसा व्यवसाय गरेर त्यही पेसा व्यवसायमा पूर्ण निर्भर रहेर जीविकोपार्जन गर्न सकिने वातावरण सिर्जना हुनु र त्यही पेसा व्यवसायबाट आफ्नो वृत्ति विकास, इज्जत, प्रतिष्ठा र भविष्य भेटाउन सकिन्छ। व्यावसायिकतालाई निम्न आधारबाट हेर्न सकिन्छ।

पेसा व्यवसायबाट आफ्नो जीविकोपार्जन गर्न सक्नु, आर्थिक समृद्धि भेटाउन सक्नु, पेसागत दक्षता र विज्ञता भेटाउन सक्नु, विशेषज्ञता हासिल गर्नु, पेसागत निरन्तरता कायम राख्नु, पेसाबाट आफ्नो भविष्य भेटाउन सक्नु र पेसाप्रतिको सम्मान कायम राख्न सक्नु आदि पर्छन्। व्यावसायिकताको विकासले मात्र कुनै पनि पेसा व्यवसायको विकास हुन्छ। त्यस पेसामा लागेका पेसाकर्मीको पनि आर्थिक र पेसागत ज्ञान र सिपको पनि अभिवृद्धि हुन्छ। परम्परागत समाजमा मानिसले परम्परागत रूपमा अर्थात् निर्वाहमुखी ढङ्गबाट जीवन बिताउने हुँदा उनीहरू कुनै एक पेसामा समर्पित भएर लाग्दैनथे। व्यावसायिकताको विकास नहुँदासम्म कुनै पनि पेसा व्यवसाय फस्टाउन र विकास हुन सक्दैन। पेसा व्यवसायको विकास नहुँदासम्म पेसाकर्मीको पनि विकास हुन सक्दैन। त्यसकारण व्यावसायिकताको विकासले मात्र पेसा, व्यवसाय, समाज र राष्ट्रको

-बाँकी तीन पेजमा

# ४ वर्षमा चट्याङबाट २३७ को मृत्यु, ९०८ जना घाइते

झापा,६ जेठ। नेपालमा पछिल्लो चार वर्षमा चट्याङबाट दुई सय ३७ जनाको मृत्यु भएको छ भने नौ सय आठ जना घाइते भएका छन्। कोशीको झापाबाट सुदूरपश्चिमको कञ्चनपुरसम्म र कर्णालीको हुम्लाबाट मधेसको धनुषासम्म चट्याङको जोखिम रहेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी सहसचिव रोशनीकुमारी श्रेष्ठ नेपालमा झापा, उदयपुर र मकवानपुर जिल्ला चट्याङको जोदिममा रहेका जानकारी दिए। उनका अनुसार विसं २०७८ साउन १ देखि विसं २०८२ जेठ ५ गतेसम्ममा चट्याङका एक हजार ११८ वटा घटना भएका छन् भने एक हजार ६०७ परिवार प्रभावित बनेका छन्। विश्वमा चट्याङबाट हुने विपद् जोखिमका आधारमा नेपाल पाँचौँ स्थानमा पर्ने उनले उल्लेख गरे।

'घरगोठ र अग्ला टावर चट्याङको निशानामा पर्दछन्। बर्खायाममा कृषिमा काम गर्ने सर्वसाधारण चट्याङबाट बढी प्रभावित हुने गरेका छन्। चट्याङका घटना कोशी प्रदेशमा बढी हुने गरेका छन् भने मानवीय तथा भौतिक क्षति लुम्बिनी प्रदेशमा बढी भएका छन्,' प्राधिकरणकी सहसचिव श्रेष्ठले भने। विगत चार वर्षमा कोशी प्रदेशमा चट्याङका दुई सय ९५ वटा घटना हुँदा तीन सय ६६ घर यसबाट प्रभावित बनेका, ५१ जनाको मृत्यु र ८४ जना घाइते भएका उनले जानकारी दिए। कोशीमा चट्याङको कारण रु एक करोड ६० लाख ४५ हजार ५०० बराबरको धनमालको क्षति भएको छ भने चार सय २० वटा चौपाया मरेका छन्।

प्राधिकरणका अनुसार लुम्बिनी प्रदेशमा चार वर्षमा एक सय ८० वटा चट्याङका घटना हुँदा ५४ जनाको मृत्यु भएको छ भने तीन करोड ४९ हजार मूल्य बराबरको भौतिक क्षति भएको छ। लुम्बिनीमा दुई सय ७६ परिवार चट्याङबाट प्रभावित, एक सय ६५ जना घाइते र ९८ वटा पशुचौपाया मरेका प्राधिकरणकी सहसचिव श्रेष्ठले जानकारी दिए। उनका अनुसार सुदूरपश्चिममा ३५, मधेसमा २७, बागमतीमा २५, गण्डकीमा २४ र कर्णालीमा २१ जनाले ज्यान गुमाएका छन्। प्राधिकरणका अनुसार कर्णालीमा दुई सय सात, सुदूरपश्चिममा एक सय ५८, गण्डकीमा ८४, बागमतीमा ८२ र मधेसमा २८ जना मानिस घाइते भएका छन्।

नेपालमा विपद्बाट जनधनको बढी क्षति हुने दोस्रो ठूलो कारण चट्याङ रहेको त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम केन्द्रीय विभागका सहप्राध्यापक मदन सिग्देलले जानकारी दिए। गत चैतदेखि असारसम्मको प्रि-मनसुन र मनसुन अवधिमा चट्याङका घटना बढी हुने उनले बताए। सहप्राध्यापक सिग्देलका अनुसार उक्त अवधिमा वायुमण्डल अस्थिर भएर चट्याङ बन्ने प्रक्रिया बढ्छ। हिमाल, पहाड र तराईको भौगोलिक अवस्थाका कारण नेपालमा बढी चट्याङ पर्ने गरेको उनले उल्लेख गरे। चट्याङलाई रोक्न नसकिने तर यसबाट हुनसक्ने क्षति ८० प्रतिशतसम्म न्यूनीकरण गर्न सकिने सहप्राध्यापक सिग्देलको भनाइ छ। सचेतना नै चट्याङबाट हुनसक्ने क्षति न्यूनीकरणको सबैभन्दा प्रभावकारी उपाय भएको उनले बताए। 'विकसित मुलुकको तुलनामा नेपालमा बढी मानवीय तथा भौतिक क्षति हुनुका कारण चेतना र प्रविधिको अभाव हो,' जलवायु विज्ञ सिग्देलले भने, 'हामीले गरेको सर्वेक्षणले ८० प्रतिशत मानवीय क्षति कामकाजी मानिस खुला स्थानमा जाँदा भएको पाएका छौं। त्यस्तो क्षतिलाई रोक्न सकिने सम्भावना छ।'

मनसुनका समयमा मध्याह्नपछि बढी चट्याङ पर्ने गरेको अध्ययनले देखाएको जनाउँदै उनले सोही समयमा खेतमा काम गर्ने, घाँस दाउरा गर्ने र गाईबस्तु चराउने कार्य हुने गरेकाले बढी मानवीय क्षति भएको बताए। त्यस्ता कामहरू मध्याह्नअगावै गरिसक्ने र मेघगर्जन भएका बेला खुला स्थानमा नजाने हो भने मानवीय क्षति स्वतःन्यूनीकरण हुने उनको भनाइ छ। जल तथा मौसम विज्ञान विभागले उदयपुर, पाल्पा र सुर्खेत जिल्लामा चट्याङ पर्दैछ भनेर एक घण्टा अघि जानकारी दिने राडार उपकरण जडान गरे पनि तीन वटै राडार हाल बिग्रिएर थन्किएका छन्। ती राडार मर्मतसम्भार गरेर सञ्चालनमा ल्याएमा आधा घण्टादेखि एक घण्टाअघि चट्याङ पर्ने क्षेत्रको बारेमा जानकारी पाउन सकिने जलवायु विज्ञ सिग्देलले जानकारी दिए। उक्त राडारले बादल बन्ने प्रक्रिया मोनिटरिङ गरेर चट्याङ पर्ने स्थानको विश्लेषण गर्ने उनले बताए।

घर तथा ठूला भौतिक संरचना निर्माण गर्दा चट्याङको प्रभाव पर्न नदिने वैज्ञानिक उपकरण जडान

# मिर्चैया नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**मिर्चैया, सिरहा**

**मधेश प्रदेश, नेपाल**

**स्टेशनरी तथा मसलन्द सामाग्री/छपाई सामाग्री खरिद कार्यको लागि सिलबन्दी बोलपत्र आह्वानको सुचना**

**प्रथम पटक सूचना प्रकाशन मिति :२०८२/०२/०७**

मिर्चैया नगरपालिका तथा मातहत कार्यालय प्रयोजनको लागि आ.व.०८१/०८२ मा विनियोजित रकमबाट अत्यावश्यक स्टेशनरी तथा मसलन्द सामाग्रीहरुलगायत छपाई सम्वन्धि कागजातहरु सिलबन्दी बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने भएकोले आपूर्ति गर्न इक्छुक ईजाजत प्राप्त फर्म एवं बिक्रेताहरुबाट निम्न शर्तको अधिनमा रही तपसिल अनुसारको सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिन्छ।

**निम्न शर्तहरु**

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नम्बर | खरिद गर्नुपर्ने कार्यको विवरण | लागत अनुमान (भ्याट बाहेक) | जमानत बापतको रकम (रु.) | दरभाउ फारम दस्तुर (रु.) | कै. |
|---|---|---|---|---|---|---|
| १. | MMJ/St.GOODS/SQ/081/082-01 | SUPPY AND DELMEVY OF STATIONERY & OFFICE ACCESSORIES ITEMS | १,७६९,७०६.७५ | ४५,०००.०० | १,०००.०० | |
| २. | MMJ/P.ITEMS/SQ/081/082-02 | SUPPY AND DELMEVY OF PRINTING ITEMS | १,७६९,७१७.९२ | ४५,०००.०० | १,०००.०० | |

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र फारम दस्तुर रु.१००० (अक्षेरेपी एक हजार मात्र )(पछि फिर्ता नहुने) तिरी यस कार्यालयबाट खरिद गर्नु पर्नेछ। दरभाउ फारम खरिद गर्न इक्छुक व्यवसायीहरु/फर्महरुले नवीकरण तथा चालु आ.व.को लागि मान्याता प्राप्त भएको फर्म वा कम्पनीको दर्ता प्रमाण पत्र ,स्थायी इजाजत पत्र,स्थायी लेखा नम्वर एवं आयकर तथा मू.अ.कर दर्ता प्रमाण पत्र(भ्याट)साथै आ.व.०८०/०८१ को कर चुक्ता विवरण प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्र लगायत अन्य कुनै कागजात भए समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न गरि मिर्चैया नगरपालिका,मिर्चैयामा निवेदन पेश गरि बोलपत्र फारम खरिद गर्न इक्छुक व्यक्ति वा फर्मको जानकारीको लागि यो बोलपत्र आह्वान गरिएको छ।

२. बोलपत्र पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सहि छाप नभएको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. एक फर्म वा संस्थाको नामबाट खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गरिने छैन। साथै दरभाउ पुस्तिका तथा सुचनामा उल्लेखित मूल्यांकनका अधारहरु पुरा नगर्ने दरभाउपत्र स्वीकृत गरिने छैन।

४. दरभाउ पुस्तिका तथा सुचनामा उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने दरभाउपत्र स्वीकृत गरिने छैन।

५. सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार रित नपुगेको र समयमा दर्ता नभएका प्रस्तावहरु उपर कुनै कार्यवाही गरिने छैन। दरभाउपत्रमा उल्लेख भएका सामाग्रीहरुको परिमाण कार्यालयको आवश्यकता अनुसार थपघट गर्न सकिनेछ।

६. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५औ दिन सम्मको कार्यालय समयभित्र आफुले खरिद गरेको बोलपत्र रितपूर्वक प्रष्ट संग आपूर्तिकर्ताले प्रत्येक पन्नामा सहि छाप गरि, सिलवंदी गरि, खाम बाहिर फर्मको नाम, ठेगाना, कामको नाम प्रष्ट संग लेखि १६ औ दिनमा दिनको १२ बजे भित्र यस कार्यालयमा सिलबन्दी साथ दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु १६ औ दिनको बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलि पल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

७. बोलपत्र दर्ता गर्दा सुचनामा तोकिए अनुसारको बैंक जमानत वा मिर्चैया नगर कार्यपालिकाको कार्यालय, मिर्चैयाको एन.आई.सी.एसिया मिर्चैया शाखा धरौटी खाता नं. ६६४१४९८७४८५२४००२ मा दाखिला गरेको सक्कलै बैक भौचर वा सो रकम बराबरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु बाट घटीमा ९० दिनको मान्य अवधि भएको सकल बिडबन्ड (Bid Security) पेस गर्नु पर्ने छ।

६. बोलपत्र खरिद कर्ताले सामाग्रीको प्रति ईकाई दर अंक र अक्षर दुवै महलमा अनिवार्य रुपले दररेट (मू.अ.कर बाहेक)उल्लेख गर्नुपर्ने छ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्याता दिइनेछ।

८. बोलपत्र फारम र यस सुचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सुचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित)एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ।

**– प्रमुख प्रशासकीय अधिकृत**

# नागरिकताका लागि भौँतारिँदै सोभिता जन्मदर्ता नहुँदा शिक्षाबाट वञ्चित

सप्तरी, ६ जेठ। सप्तरीको विष्णुपुर गाउँपालिका–४ स्थित कनकट्टा निवासी ३० वर्षीया सोभिताकुमारी सदाको राजविराज नगरपालिका–११ स्थित झल्ही निवासी प्रमोद सदासँग २०७० फागुन २१ गते सामाजिक परम्परा अनुसार विवाह भयो। विवाह भएको १२ वर्ष बितिसक्दा पनि मुसहर जाति र दलित समुदायकी सोभिताको विवाहदर्ता र नागरिकता बनेको छैन। वडा कार्यालयदेखि अदालतसम्म पुगे पनि उनी अहिले पनि त्यसकै लागि भौँतारिँदै हुन। उनका श्रीमान् प्रमोदले विवाह भएको एक वर्षमै कुटपिट गालीगलौज गरी घरमा बस्न नदिई निकालिदिएपछि विवाहदर्ता र नागरिकता बन्न नसेको उनको भनाइ छ। सोभिता त्यति बेलादेखि नै माइत (कनकट्टा) मा आमा इन्द्रादेवी सदा र बुवा रामे सदाको शरणमा बस्दै आउनुभएको छ।

सोभिता र प्रमोदको १० वर्षकी एउटी छोरी पनि हुन। कोमल कुमारी सदा। उनको जन्म २०७२ कातिक २९ मा भएको थियो तर जन्मदर्ता नबनेका कारण कोमल विद्यालय जानबाट वञ्चित छिन्। आफ्नो विवाहदर्ता, नागरिकता र छोरीको जन्मदर्ता बनाइदिन श्रीमान् प्रमोद र ससुरा हरिनारायण सदालाई पटक पटक अनुनयविनय गरे पनि नमानेको सोभिता गुनासो गरे। उनले भने, “मलाई घरमा पनि बस्न दिँदैनन्, कुटपिट गर्छन् अनि श्रीमान् प्रमोदले तिमी मेरो पत्नी हो भने प्रमाण ल्याउ भन्छन्। म माइतीमै बस्दै आएकी छु।” छोरी १० वर्षको भइसक्दा पनि जन्मदर्ता नभएकै कारण शिक्षाबाट वञ्चित हुनु परेको उनको गुनासो छ। विवाहदर्ता, नागरिकता र नातिनीको जन्मदर्ता बनाइदिन सयौँ पटक समाजका भलाद्मीको रोहबरमा छलफल गरे पनि ज्वाइँ प्रमोदले नमान्दा आफूहरू बिच्चलीमा परेको सोभिताकी आमा इन्द्रदेवी सदाले बताए।

विवाहदर्ता, नागरिकता र छोरीको जन्मदर्ता बनाउन सबैतिर गुहार गर्दै कहीँ कतै आश नदेखेपछि भौँतारिएर अन्त्यमा सोभिता न्यायका लागि उच्च अदालत जनकपुर राजविराजको इजलासको शरणमा पुगे। अदालतले २०७९ भदौ २६ मा राजविराज नगरपालिका–११ को कार्यालयको नाममा विवाहदर्ता, नागरिकता र जन्मदर्ता बनाइदिन परमादेशसमेत जारी गर्‍यो। उच्च अदालत जनकपुर राजविराज इजलासले कानुनबमोजिम जे जे प्रक्रिया अपनाउनु पर्छ अपनाई कानुनबमोजिम निकास दिनु भनी आदेश दिएको छ। अदालतको आदेशपछि पनि सहज रूपमा प्रमोद विवाहदर्ता, नागरिकता र छोरीको जन्मदर्ता बनाइदिन तयार नभएपछि राजविराज नगरपालिका–११ को कार्यालयले २०८२ वैशाख ८ मा जिल्ला प्रहरी कार्यालयलाई पत्र लेख्यो। वडा कार्यालयले सोभिताका पति प्रमोद आवश्यक कागजसहित वडा कार्यालयमा उपस्थित नभएकाले पक्राउ गरी उपस्थित गराई अनलाइन विवाहदर्ता, छोरीको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्रमा सनाखत बसाइदिने प्रक्रियामा सहयोग गरिदिन अनुरोधसहित प्रहरीलाई लेखेको छ।

दुई साताअघि प्रहरीले प्रमोदलाई पक्राउ गरेर ल्याए। विवाहदर्ता, नागरिकता र छोरीको जन्मदर्ता बनाइदिने आश्वासन दिएर जिम्मा जमानीमा छुटे पनि प्रमोदले अहिलेसम्म काम नगरिदिएपछि आमा सोभिता र छोरी कोमलको बिजोग भएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले श्रीमतीको विवाहदर्ता, नागरिकता र छोरीको जन्मदर्ता बनाइदिन सहमत भएपछि जिम्मा जमानीमा प्रमोदलाई रिहा गरिएको तर त्यो अनुसारको काम नगरे पुनः पक्राउ गरी सम्बन्धित निकायमा उपस्थित गराउने जानकारी दिए।

**नागरिकको मौलिक हक हनन**

नेपालको संविधान २०७२ को भाग ३ मा नागरिकको मौलिक र कर्तव्यसम्बन्धी व्यवस्था छ। संविधानको मौलिक हक र कतर्व्य अन्तर्गत धारा ३१ को (१) मा ‘प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षामा पहुँचको हक हुने छ’ भनिएकोमा उमेरले १० वर्ष हुन लाग्दासम्म पनि कोमलको विद्यालयसम्म पहुँच नहुनु नागरिकको मौलिक हकको हनन भएको अधिवक्ता धीरेन्द्र यादवले बताए।

उनले सोभिताको विवाहदर्ता र नागरिकता नबनाएकै कारण छोरी पनि शिक्षाको हकबाट वञ्चित भएकाले प्रमोदलाई प्रहरीले वडा कार्यालयमा उपस्थित गराई यी सबै काम गराउनमा सहयोग गर्नुपर्ने धारणा राखे। अधिवक्ता यादवले भने, “देशमा कसैलाई अनागरिक बनाएर राख्न मिल्दैन।

## *आजको पत्रकारितामा...*

विकास हुन सक्छ। आजको युग व्यावसायिकताको हो।

नेपालको सन्दर्भमा २०४६ सालपछि मात्र व्यावसायिकताको युग प्रारम्भ भएको मानिन्छ। व्यावसायिकताको इन्डिकेटरभित्र राख्दा हामी कुनै पनि क्षेत्रमा पूर्ण रूपमा व्यावसायिक भएको भने पाइँदैन, पत्रकारिता क्षेत्रमा पनि सोही कुरा लागुहुन्छ।

नेपाली पत्रकारिता जगत्मा २०४६ सालअघि व्यावसायिकता थिएन। पत्रकारिता पेसामा मात्र रहेर जीवन चल्न नसक्ने र त्यसैबाट आफ्नो भाग्य र भविष्य भेट्न नसक्ने हुँदा पत्रकारले यस पेसालाई अतिरिक्त पेसाका रूपमा अभ्यास गर्ने गरेको पाइन्थ्यो। पार्टीगत पत्रकारिता गर्ने कसैको मुखपत्रका रूपमा काम गर्ने, पर्बे पत्रकारिता र अन्य पेसामा आबद्ध भई पत्रकारितालाई सोखका रूपमा मात्र गर्ने जस्ता अभ्यास रहेको पाइन्थ्यो। २०४६ सालको राजनीतिक परिवर्तनपछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले गरेको व्यवस्थाले प्रेसलाई निकै संरक्षण गरेको र संविधानको भावना अनुसार बनेका उदार कानुनी व्यवस्थाले गर्दा नेपाली प्रेस जगत्ले निकै ठुलो फड्को माऱ्यो र मिडियाका क्षेत्रमा बहुलताको युग प्रारम्भ भयो।

गोरखापत्रको एकाधिकारलाई तोड्दै कान्तिपुरलगायतका मिडिया आइसकेपछि ठुलो संख्यामा फरक भाषा, क्षेत्र र विषयकेन्द्रित भएर पत्रिका प्रकाशित हुन थाले। त्यसै गरी टेलिभिजन र अनलाइन मिडियामा आएको विकासले मिडियाको क्षेत्रमा बहुलताको युग प्रारम्भ भयो। मिडिया आवाजविहीनको आवाज बन्न सक्ने वातावरण सिर्जना भयो। अझ पछिल्लो समयमा विकास भएको सूचना प्रविधिलगायत सामाजिक सञ्जाल र कृतिम बौद्धिकताले त झन् मिडियाको क्षेत्रमा पाराडिम सिफ्ट भएको पाइन्छ। यस सन्दर्भमा मिडियाको क्षेत्रमा व्यावसायिकताको युग प्रारम्भ भएको पाइन्छ।

व्यावसायिकताका सम्पूर्ण प्यारामिटरलाई हेर्दा नेपालमा मिडियाको क्षेत्रमा व्यावसायिकाको युग प्रारम्भ भएको भए पनि पूर्ण रूपमा व्यावसायिक भने भएको छैन। यस क्षेत्रका विभिन्न समस्या र चुनौती रहेको पाइन्छ, अझै पनि पत्रकार यही पेसामा रहेर आत्मनिर्भर हुन सकिरहेको देखिँदैन। त्यसै गरी पत्रकारितामा राजनीतिक र आर्थिक प्रभाव कायमै रहेको देखिन्छ। पार्टिसन प्रेसको अभ्यास, स्वार्थबाट प्रेरित पत्रकारिता, विषयवस्तु विशेषज्ञताको कमी हुनु, युवालाई यस पेसाप्रति विश्वास कायम हुन नसक्नु जस्ता अनेक समस्याबाट ग्रस्त नेपाली पत्रकारिता पूर्ण रूपमा व्यावसायिक हुन सकेको पाइँदैन। यस सन्दर्भमा नेपालमा औद्योगिकीकरण हुन नसक्नु, युवा पलायनको क्रम जारी हुनु, आर्थिक विकास हुन नसक्नु जस्ता बाहिरी प्रभावले पनि पत्रकारिता जगत्लाई प्रत्यक्ष र परोक्ष प्रभाव पारिरहेको छ।

सूचना प्रविधिको विकास, संविधान र कानुनको विकास, मिडियाको विकास, जनताको क्रय शक्तिमा भएको वृद्धि जस्ता सकारात्मक पक्ष हुँदाहुँदै पनि नेपाली पत्रकारिता विभिन्न समस्याबाट गुज्रिँदै गएको छ। जसको प्रतिविम्ब विषयवस्तुमा झल्किने गर्छ। जुन मिडियाको प्रभावको मुख्य प्रतिफल पनि हो। त्यसकारण मिडियाको क्षेत्रमा व्यावसायिकताको विकास हुनु पर्छ। जसले प्रजातान्त्रिकीकरणको प्रक्रियामा पनि सघाउ पुऱ्याउँछ। सुसूचित जनमत सिर्जना गर्छ। सचेत जनमतले मात्र सही व्यक्तिलाई उपयुक्त ठाउँमा पुऱ्याउन सक्छ जसले गर्दा विकास, समृद्धि, शान्ति र खुसी प्राप्त गर्न सकिन्छ। जुन पत्रकारिताको मूल धर्म हो। पत्रकारिता सामाजिक उत्तरदायित्वको पेसा भएकाले यसले सामाजिक हितका लागि कार्य गर्नु पर्छ। जुन व्यावसायिक पत्रकारिताबाट मात्र सम्भव हुन सक्छ।

## *मोटरसाइकल...*

उपचारका लागि वीरगन्जतर्फ रेफर गरिएको छ। तीव्र गतिका कारण मोटरसाइकल आपसमा ठक्कर आएको आंकलन गरिए पनि दुर्घटनाको सम्वन्धमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ।

## *मधेशको माटोमा...*

प्राप्त गर्ने पहिलो नेपालीका रूपमा मिश्रले इतिहास रचेको उल्लेख गर्दै उल्लेख गरे। गत अप्रिल २१ देखि २६ तारिखसम्म तुर्कमिनिस्तानको शिक्षा मन्त्रालयको आयोजनामा आयोजित प्रतियोगितामा ३० भन्दा बढी राष्ट्रका विद्यार्थी सहभागी थिए। नेपालबाट ६ जना विद्यार्थीले सहभागिता जनाएका थिए। सहभागीहरूमध्ये जनकपुरधामका आशिष मिश्रले व्यक्तिगत तथा समूहगत प्रतिस्पर्धामा उत्कृष्ट प्रदर्शन गर्दै पदक जितेका हुन्। नेपालबाट दार्चुलाका आयुष ढुंगाना, गुल्मीका आयुष मरासिनी, धनुषाका आशिष मिश्र, भक्तपुरका सुहित ढुंगाना, काठमाडौंका प्रकाश आचार्य र शुभम श्रेष्ठ सहभागी भएका थिए। आगामी जुलाई ९ देखि २१ तारिखसम्म अस्ट्रेलियामा हुने ६६औं अन्तर्राष्ट्रिय म्याथमेटिक्स ओलम्पियाडका लागि पुनः ६ नेपाली विद्यार्थीको सहभागिता हुने म्याथमेटिक्स एशोसिएसन अफ नेपालले जनाएको छ।

# ढल्केबरमा किसान आन्दोलनका शहीद मुंगालाल र मोहनको शालिक अनावरण

जनकपुरधाममा किसान आन्दोलनका शहीद मुंगालाल र मोहन महतोको स्मृति भवन र शालिकको अनावरण गरिएको हो। कार्यक्रममा मेयर महेन्द्र महतो र नागरिक समाजका अगुवा रामरिझन यादवले शहीदहरूको बलिदानलाई स्मरण गर्दै समाजप्रति प्रेरणा दिने बताए। शहीदहरू पञ्चायती निरङ्कुश व्यवस्थाविरुद्ध संघर्ष गरी बलिदान गरेका थिए, जसले समाजमा अन्यायविरुद्ध उठ्न प्रेरणा दिन्छ।




जनकपुरधाम, ६ जेठ। धनुषाको मिथिला नगरपालिका–६ ढल्केबर चोकमा किसान आन्दोलनका शहीद मुंगालाल महतो र मोहन महतोको शालिक अनावरण तथा स्मृति भवनको उद्घाटन गरिएको छ। मंगलबार शहीद द्वय महतोको ४६औं स्मृति दिवसको अवसरमा नगरपालिकाका मेयर महेन्द्र महतो, नागरिक समाजका अगुवा तथा लेखक रामरिझन यादवसहितका विशिष्ट व्यक्तिहरूको उपस्थितिमा शालिक अनावरण र सभाहल उद्घाटन गरिएको हो। वि.सं. २०३६ साल जेठ ५ गते पञ्चायती निरंकुश व्यवस्थाविरुद्ध सञ्चालन गरिएको किसान आन्दोलनको क्रममा ढल्केबरमै प्रहरीको गोलीबाट मुंगालाल र मोहन महतो शहीद भएका थिए। उनीहरूलाई जनताको पक्षमा उभिएर अन्याय र शोषणविरुद्ध संघर्ष गर्ने साहसी योद्धाको रूपमा सम्झना गरिन्छ।

कार्यक्रममा मेयर महेन्द्र महतोले शहीद मुंगालाल र मोहन महतोले पञ्चायती शासनविरुद्ध लडेर प्राणको आहुती दिएको उल्लेख गर्दै स्मृति भवन र शालिक निर्माणले भावी पुस्तालाई प्रेरणा दिने विश्वास व्यक्त गरे। नागरिक अगुवा तथा लेखक रामरिझन यादवले सहिदहरूको बलिदान समाजलाई अन्यायविरुद्ध उठ्न हिम्मत दिने प्रेरणास्रोत भएको बताए। उनले भने, 'उनीहरूको सपना–समतामूलक, न्यायपूर्ण र स्वाधीन समाज निर्माण गर्नु हो। स्मृति भवन र शालिक बनाउनु मात्रै पर्याप्त छैन। शहीदहरूको आदर्श व्यवहारमा उतार्नु नै हाम्रो साँचो कर्तव्य हो।' मुंगालाल मोहन महतो सशीद प्रतिष्ठानले आफ्नै जग्गामा स्थानीय र प्रदेश सरकारसहित स्थानीयहरुको आर्थिक सहयोगमा भवन तथा शालिक निर्माण गरिएको प्रतिष्ठानका अध्यक्ष रामकुमार महतोले बताए।

# जिल्ला प्रशासन कार्यालयमा टाइमकार्ड टोकन सिस्टम लागू

रौतहट, ६ जेठ। जिल्ला प्रशासन कार्यालय रौतहटमा ( टाइमकार्ड) टोकन सिस्टम लागू गरिएको छ। सिडिओ विनोद कुमार खडकाको पहलमा सेवाग्राहीको सुविधाका लागि टाइमकार्ड टोकन सिस्टम लागू गरिएको हो। जिल्ला प्रशासन कार्यालय रौतहटमा विभिन्न कामका लागि आउने सेवाग्राहीहरूको दैनिक जसो अत्यधिक भिडभाड हुने गरेको थियो। उक्त कार्यालयबाट सहज रूपमा सेवा प्रवाह गर्ने उद्देश्यले सोमबार देखि टोकन प्रणाली टाइमकार्ड लागु गरिएको सिडिओ खडकाले बताएका छन्। विगतमा सेवाग्राहीहरू काम गराउन झ्यालमा धक्कामुकी गर्ने, अरूको पालो मिचेर काम गराउन खोज्ने परम्पराको अन्त्य गरेर आआफ्नो पालो अनुसार सहज एवं छिटो छरितो ढंगले सेवाप्रवाह गर्ने उद्देश्यले टोकन प्रणाली सिस्टमको व्यवस्थापन गरिएको सिडिओ खडकाको भनाई रहेको छ।

सिडिओ खड्काले टोकन सिस्टमको उद्घाटन गरे लगत्तै सोमवार देखी सिस्टम अनुसार नागरिकता वितरण, नागरिकताको प्रतिलिपि, राहदानी लगायत जिल्ला प्रशासन कार्यालय रौतहटबाट सेवा सुचारु भएको छ। विगतमा एउटा नागरिकता लिन कैयौँ दिनसम्म धाउनुपर्दा समय र पैसा दुवै अनावश्यक रूपमा खर्चिनु परेको सेवाग्राहीहरूले गुनासो गर्दै आएका थिए। तर टोकन सिस्टम लागू भएपछि आआफ्नो पालो कुन दिन र कुन समय पर्ने हो निश्चित हुँदा तोकिएको झ्यालमा गएर काम गराउन पाउँदा सेवाग्राहीको समय र पैसा दुवैको बचत भइरहेको कटहरिया नगरपालिका ४ का वडा अध्यक्ष चन्दन कुशवाहाले बताएका छन्।

त्यतिमात्र होइन समयमा छिटो काम गराईदिने भनेर जिल्ला प्रशासन कार्यालयका कर्मचारीको नाउँमा कैयौँ बिचौलियाले अवैध रकम असुली गर्दै आएको गुनासोसमेत सुनिएको थियो। तर टाइम कार्ड लागू भयसँगै त्यो समस्या स्वतः समाधान हुने वडा अध्यक्ष कुशवाहाले जानकारी दिएका छन्। जिल्ला प्रशासन कार्यालय रौतहटको जिम्मेवारी सम्भाले देखिनै सिडिओ विनोद कुमार खड्काले सहज रूपमा सेवा प्रवाह गर्नेबारे छलफल तथा कर्मचारी लाई पटक पटक सुझाव दिँदै आएका थिए।

जिल्ला प्रशासन कार्यालय रौतहटमा हाल नागरिकता प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, राहदानी, राष्ट्रिय परिचयपत्र बनाउने देखी विभिन्न काम विशेषले गरी दैनिक २५० देखी ३०० जना सेवाग्राही आउने गरेको सहायक सिडिओ किरणनिधि तिवारीले जानकारी दिएका छन्।

# शुद्धोधन गाउँपालिका अध्यक्ष चौधरी पक्राउ

रुपन्देही, ६ जेठ। कपिलवस्तुको शुद्धोधन गाउँपालिकाका अध्यक्ष कमलेशशरण चौधरी पक्राउ परेका छन्। चौधरीविरूद्ध रूपन्देही जिल्ला अदालतले विद्युतीय अपराध मुद्दामा पक्राउ पुर्जी जारी गरेको थियो। गत जेठ १ गते पक्राउ पुर्जी जारी भएपछि सम्पर्कविहीन भएका चौधरी मंगलबार आफै इलाका प्रहरी कार्यालय बुटवलमा उपस्थित भएका हुन्। जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीले प्रहरीले खोजी गरिरहेको अवस्थामा चौधरी आफै प्रहरी कार्यालयमा उपस्थित भएको बताए। चौधरीमाथि बलात्कृत युवती तथा उनको परिवारको गोपनीयता सार्वजनिक गरेको अभियोगमा अदालतले गत जेठ १ गते पक्राउ पुर्जी जारी गरेको थियो।

अदालतको पक्राउ पुर्जी जारी भएपछि चौधरीलाई पक्राउ गरी बुझाउन भन्दै इलाका प्रहरी कार्यालय बुटवलले जिल्ला प्रहरी कार्यालय कपिलवस्तुलाई सोमबार पत्राचार गरेको थियो। चौधरी लोकतान्त्रिक समाजवादी पार्टी लोसपाबाट २०७९ को निर्वाचनमा शुद्धोधन गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका थिए। चौधरीविरूद्ध यसअघि युवतीमाथि सामूहिक बलात्कार गरेको वडा प्रहरी कार्यालय बुटवलमा गत पुस २० गते जाहेरी परेको थियो। घटना भने गत असोज ५ गतेको हो। कपिलवस्तु घर भई बुटवल बस्ने ती युवतीको तर्फबाट प्रहरीमा दिएको जाहेरीअनुसार घरबाट पसल गएकी उनलाई सन्तकुमार यादवले अर्धबेहोस बनाएर सिद्धबाबा मन्दिर लगेर औषधि मिसाएको पानी खान दिई अर्धबेहोस बनाएपछि देवीनगरस्थित एउटा घरमा लगी बन्धक बनाएर सामूहिक बलात्कार भएको उल्लेख छ।

जाहेरीमा सन्तकुमार र उनका साथी राजेश्वर चौधरीले बलात्कार गरेको र शुद्धोधन गाउँपालिका अध्यक्ष कमलेश शरण चौधरीले युवतीलाई बन्धक बनाएको कोठामा गई उनको हात समाएर गालीगलौज गर्ने र यो कुरा कसैलाई भने मारिदिने धम्की दिएको उल्लेख छ। प्रहरीले यो घटनामा सन्तकुमारलाई मात्र पक्राउ गरेर मुद्दा दायर गरेपछि उनी अहिले पुर्पक्षका लागि कारागार चलान भएका छन्। घटनामा संलग्न कमलेश र राजेश्वरमाथि अनुसन्धान नगरेको भन्दै पीडितका बुबाले गत फागुन २५ गते इलाका प्रहरी कार्यालय बुटवलमा पूरक जाहेरी दिएका थिए। प्रहरी कार्यालयका पूरक जाहेरी परेपछि गाउँपालिका अध्यक्ष कमलेश शरण चौधरीले आफ्नै कार्यकक्षमा पत्रकार सम्मेलन गरी पीडितको पहिचान सार्वजनिक गरिदिएका थिए।

इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक इन्द्र रानाका अनुसार जबरजस्ती करणी, बलात्कार जस्ता जघन्य घटनाका पीडित कसैको पनि पहिचान खुलाउन नपाइनेमा आरोपितबाटै पहिचान खोलिएको भन्दै पुनः जाहेरी परेको थियो। गाउँपालिका अध्यक्ष चौधरीले आफ्नै कार्यकक्षमा पत्रकार सम्मेलन गरी पीडित युवतीको चरित्रहत्या गर्दै उनको पहिचानबारे फेसबुक लाइभ गरिदिएका थिए।

**व्यवसायिक खेतीमे रासायनिक खादके प्रयोग कम करू**

व्यवसायिक खेतीमे रासायनिक खादके बेसी प्रयोगसे माइटके उर्वराशक्ति घटैत ज्या र हल छै। तै के लागि जैविक खाद प्रयोग करलाके बाद माइटके स्वास्थ्य सुधार हैछै आ उत्पादन सेहो बढै छै। जैविक खादके प्रयोग भेल्हा उत्पादित खाद्यवस्तु स्वास्थ्यके लागि पौष्टिक एवम् फाइदाजनक हैछै। घरायसी घासपात, गाइ–महिसके गोबर जखा सडैवाला चीजसे जैविक खाद बनायल जा सकै छै। माइटके जिवित राखैला माइट मे है बाला सूक्ष्म जीव सबके मात्रामे वृद्धि कइरके माइटके उर्वरा शक्ति बढाबैमे मदत करै छै। रोग किराके प्रकोप कम करै संगे बाइलके मजगुत सोहो बनबै छै। एतबे नई मानव स्वास्थ्यमे कोनो हानी नोक्सानी नइँ करै छै। तै खातिर व्यवसायिक खेतीमे जैविक खादके महत्वके विषयमे अपनो बुझू और दोसरोके बुझाबू।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण




मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)